**आकाशवाणी समाचार- नेपाली**

**मितिः ०४ अक्तूबर २०२६**

**समयः ०७:२५ - ०७:३५ बजे (*अवधिः १० मिनट*)**

**प्रमुख समाचार**

१. कोलकातामा हुने १९औँ प्रवासी भारतीय दिवस सम्मेलनको प्रधानमन्त्री नरेन्द्र मोदीले उद्घाटन गर्नुहुनेछ भने राष्ट्रपति द्रौपदी मुर्मुले 'प्रवासी भारतीय सम्मान पुरस्कार' प्रदान गर्नुका साथै समापन सत्रको अध्यक्षता गर्नुहुनेछ।

२. इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलको आगामी स्वतन्त्रता दिवसको समारोहमा औपचारिक मशाल प्रज्वलन गर्न भारतीय पाइलट क्याप्टन स्मित मच्छार र प्रधानमन्त्री नरेन्द्र मोदीलाई आमन्त्रण गर्नुभएको छ।

३. लोकसभा अध्यक्ष ओम बिरलाले धेरै संसदीय समितिहरूको पुनर्गठन र नयाँ अध्यक्षहरु नियुक्त गर्नु भएको छ।

४. शिक्षा मन्त्रालयले शास्त्रीय भाषाहरूको अध्ययनका लागि पाँचवटा 'उत्कृष्टता केन्द्र' स्थापना गर्न स्वीकृति प्रदान गरेको छ।

५. भारतले वेस्ट इन्डिजविरुद्धको तीन म्याचको एकदिवसीय क्रिकेट शृङ्खला २-१ ले जितेको छ।

**प्रवासी भारतीय दिवस**

१९औँ प्रवासी भारतीय दिवस सम्मेलन आगामी वर्षको ७ देखि ९ जनवरीसम्म पश्चिम बंगालको कोलकातामा आयोजना हुनेछ। विदेश मन्त्रालयले पश्चिम बंगाल सरकारसँगको सहकार्यमा यो सम्मेलनको आयोजना गर्नेछ। प्रधानमन्त्री नरेन्द्र मोदीले सम्मेलनको उद्घाटन गर्नुहुनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले 'प्रवासी भारतीय सम्मान पुरस्कार' प्रदान गर्नुका साथै समापन सत्रको अध्यक्षता गर्नुहुनेछ। सम्मेलनको एक भागका रूपमा 'युवा प्रवासी भारतीय दिवस' पनि आयोजना गरिनेछ। यसमा विश्वभरका भारतीय मूलका युवा, कारोबारी, पेशेवर, शिक्षाविद र नवाचारसित सम्बन्धित मानिसहरूको सहभागिता रहनेछ। विदेश मन्त्रालयका अनुसार सन् १९१५ को ९ जनवरीमा दक्षिण अफ्रिकाबाट भारत फर्किएका महात्मा गान्धीको सम्मानमा प्रवासी भारतीय दिवस मनाइन्छ। यस कार्यक्रमको १९औँ संस्करणले विश्वभर छरिएर रहेका भारतीय समुदाय डायस्पोरा र भारतबीचको सम्बन्धलाई अझ सुदृढ बनाउनुका साथै भारत र विश्वमा उनीहरूले पुऱ्याएको योगदानलाई उजागर गर्नमा केन्द्रित हुनेछ।

**इजरायली-भारतीय पाइलट**

इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहुले इजरायलको आगामी स्वतन्त्रता दिवसको समारोहमा औपचारिक 'टर्च' (मशाल) प्रज्वलन गर्न भारतीय पाइलट क्याप्टन स्मित मच्छार र प्रधानमन्त्री नरेन्द्र मोदीलाई आमन्त्रण गर्नुभएको छ। प्रधानमन्त्री नेतान्याहुले क्याप्टन मच्छारसँग टेलिफोनमा कुराकानी गर्नु हुँदै उनको साहसको प्रशंसा गर्नुभयो र उहाँलाई भारत, इजरायल तथा सम्पूर्ण विश्वकै लागि एक नायकको रूपमा सम्बोधन गर्नुभयो। नेतान्याहुले क्याप्टन मच्छारको शीघ्र र पूर्ण स्वास्थ्यलाभको कामना गर्नुका साथै उनको परिवारप्रति शुभकामना व्यक्त गर्नुभयो। यो सम्मान विशेष रूपमा महत्त्वपूर्ण छ किनभने इजरायलमा स्वतन्त्रता दिवसका अवसरमा टर्च प्रज्वलन गर्ने अवसर सामान्यतया इजरायली नागरिकहरूका लागि मात्र सुरक्षित राखिएको हुन्छ। क्याप्टन स्मित मच्छार हाल अबु धाबीमा उपचाररत छन्। विमानको ककपिटभित्र भएको आक्रमणका बेला साहस र संयमता प्रदर्शन गर्दै उनले १७४ यात्रीहरूको ज्यान बचाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरेका थिए। क्याप्टन मच्छारको बहादुरी र कर्तव्यप्रतिको निष्ठाको भारत र इजरायल दुवै देशमा प्रशंसा भइरहेको छ।

## संसदीय समितिहरु

लोकसभा अध्यक्ष ओम बिरलाले धेरै संसदीय समितिहरूको पुनर्गठन र नयाँ अध्यक्षहरु नियुक्त गर्नु भएको छ। भाजपा सांसद भर्तृहरि महताबलाई वित्त समितिको अध्यक्ष नियुक्त गरिएको छ। कांग्रेस सांसद शशि थरुरले विदेश मामिला समितिको अध्यक्षता गर्नु हुनेछ। भाजपा सांसद सुधीर गुप्ताले रेलवे समितिको अध्यक्षता गर्नु हुनेछ। रसायन तथा मल समितिको अध्यक्षमा डा काकोली घोष नियुक्त हुनु भएको छ। कांग्रेस सांसद चरणजीत सिंह चान्नीले कृषि, पशुपालन र खाद्य प्रशोधन समितिको अध्यक्षता गर्नु हुनेछ। भाजपा सांसद राधामोहन सिंहले रक्षा समितिको अध्यक्षता गर्नु हुनेछ। भाजपा सांसद राजीव प्रताप रुडीले जलस्रोत समितिको अध्यक्षता गर्नु हुनेछ भने कांग्रेस सांसद सप्तगिरि उलाकाले ग्रामीण विकास र पञ्चायती राज समितिको अध्यक्षता गर्नु हुनेछ। भाजपा सांसद निशिकान्त दुबे सञ्चार तथा सूचना प्रविधि समितिको अध्यक्षमा नियुक्त हुनु भएको छ। यी समितिहरूको कार्यकाल गत महिनाको २६ सेप्टेम्बरदेखि लागू भएको थियो।

## विदेश मन्त्रालय – पाकिस्तान

विदेश मन्त्रालयले पाकिस्तान उच्च आयोगका कार्यवाहक प्रभारीलाई बोलाएको छ। भारतले पाकिस्तानबाट भइरहेको निरन्तर अवैध घुसपैठका सम्बन्धमा कडा विरोध जनाएको छ। यसको साथै भारतले पञ्जाबको फिरोजपुर क्षेत्रमा शुक्रबार भएको घटनाका सम्बन्धमा पाकिस्तानले लगाएका आरोपहरूलाई आधारहीन भन्दै खारेज गरेको छ। विदेश मन्त्रालयका अनुसार तीन व्यक्तिहरू पाकिस्तानबाट भारतीय भूभागमा प्रवेश गरेका थिए। सीमा सुरक्षा बल बीएसएफले उनीहरूलाई फर्कन पटक-पटक चेतावनी दिएको थियो, तर उनीहरू सीमाको तारबारतर्फ अघि बढिरहे। सुरक्षा खतरा उत्पन्न भएपछि बीएसएफले उनीहरूविरुद्ध कारबाही गर्न बाध्य भयो। भारतले यस्ता घटनाहरूले पाकिस्तानबाट हुने निरन्तर घुसपैठ र तस्करीलाई दर्शाउने बताएको छ। भारतले पाकिस्तानलाई यी घटनाहरू तथा लागुऔषध तस्करीको छानबिन गर्न र आफ्ना सीमा सुरक्षा बलहरूको भूमिकाबारे कारबाही गर्न आह्वान गरेको छ। यसका साथै पाकिस्तानलाई अन्तर्राष्ट्रिय सीमाको सम्मान गर्न र आफ्नो तर्फबाट हुने अवैध आवतजावत नियन्त्रण गर्न प्रभावकारी कदम चाल्न आग्रह गरिएको छ।

## विशेष प्रतिवेदन – केम्पेगोडा अन्तर्राष्ट्रिय विमानस्थल

प्रधानमन्त्री नरेन्द्र मोदी सार्वजनिक जीवनमा २५ वर्ष पूरा गर्दै हुनुहुन्छ। जनताको सेवालाई देशको सेवामा रूपान्तरण गर्ने मूल मन्त्रबाट प्रेरित उहाँको यात्रा अविचलित रूपमा अघि बढिरहेको छ। सेवा र सुशासनको यही भावनाबाट निर्देशित भई सरकार सन् २०४७ सम्ममा 'विकसित भारत' को लक्ष्य हासिल गर्न निरन्तर लागिपरेको छ। समावेशी विकास र सामाजिक सशक्तीकरणमार्फत जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउने प्रयासहरू भइरहेका छन्। आजको यस विशेष शृङ्खलामा, हामी देशभर निर्माण भइरहेका आधुनिक नागरिक उड्डयन पूर्वाधार र ती विमानस्थलहरूमा उपलब्ध विश्वस्तरीय सुविधाहरूबारे जानकारी गराउनेछौं।

हाम्रा संवाददाताको यो विशेष रिपोर्ट – **बाइट**

## शास्त्रीय भाषाहरूका लागि केन्द्र

शिक्षा मन्त्रालयले शास्त्रीय भाषाहरूको अध्ययनका लागि पाँचवटा 'उत्कृष्टता केन्द्र' स्थापना गर्न स्वीकृति प्रदान गरेको छ। उच्च शिक्षा विभागका अनुसार यी केन्द्रहरू शास्त्रीय असमीया, शास्त्रीय बङ्गाली, शास्त्रीय मराठी, शास्त्रीय पालि र शास्त्रीय प्राकृत भाषाको अध्ययनका लागि स्थापना गरिनेछन्। यी केन्द्रहरूमा सम्बन्धित भाषाहरूमाथि उच्च-स्तरीय अनुसन्धान गरिनेछ। यसको साथै साहित्य तथा भाषिक सम्पदाको संरक्षण गर्ने र डिजिटल स्वरूपमा उपलब्ध गराउने कार्य पनि गरिनेछ। यी उत्कृष्टता केन्द्रहरू असमको तेजपुर विश्वविद्यालय, पश्चिम बङ्गालको विश्व-भारती विश्वविद्यालय, पुणेको डेक्कन कलेज पोस्ट-ग्रेजुएट एण्ड रिसर्च इन्स्टिच्युट, सेन्ट्रल युनिभर्सिटी अफ ओडिसा र सेन्ट्रल युनिभर्सिटी अफ गुजरातमा स्थापना गरिनेछन्। सरकारको यस पहलले भारतका शास्त्रीय भाषाहरूको अध्ययन, अनुसन्धान र संरक्षणलाई बढावा दिनेछ।

## नीति आयोग – कौटिल्य सम्मेलन

नीति आयोगका सदस्य राजीव गौबाले द्रुत गतिमा परिवर्तन भइरहेको भूराजनीतिक, प्राविधिक र आर्थिक परिदृश्यमा नियामक ढाँचाहरू अनुकूलन गर्नुपर्ने आवश्यकतामा जोड दिनु भएको छ। उहाँले नीति निर्माताहरूले सामना गरिरहेको चुनौती भनेको नियमन र आर्थिक वृद्धिबीचको छनौट होइन, बरु नवीनता, प्रतिस्पर्धा र लगानीलाई बढावा दिँदै जोखिम व्यवस्थापन गर्ने नियमहरूको विकास हो भनी बताउनु भएको छ। श्री गौबाले हिजो नयाँ दिल्लीमा पाँचौं कौटिल्य आर्थिक सम्मेलनमा **‘विघटनको समयमा** नियामक **निगरानी’** शीर्षकको सत्रलाई सम्बोधन गर्नु हुँदै उक्त कुराहरु बताउनु भएको छ। उहाँले नियमहरू बनाएको समय सन्तुलित र आवश्यकतामा आधारित दृष्टिकोण अपनाउनुपर्छ भनी बताउनु भएको छ। श्री गौबाले विभिन्न नियामक निकायहरू बीच राम्रो समन्वयको महत्त्वमा पनि जोड दिनु भयो।

**<u>पश्चिम बंगाल – इस्कोन मुख्यालय</u>**

पश्चिम बंगालको मायापुरमा अवस्थित इस्कोन मुख्यालयको स्वरूप परिवर्तन तथा स्तरोन्नति गर्ने तयारी भइरहेको छ। राज्य सरकारले मायापुरलाई एक प्रमुख धार्मिक तथा पर्यटकीय गन्तव्यका रूपमा विकास गर्ने योजना बनाएको छ। यस योजनाअन्तर्गत इस्कोन मन्दिर वरपरको लगभग २ हजार १०० बिघा जमिनमा विकास निर्माणका कार्यहरू गरिनेछन्। सहरी विकास मन्त्री अग्निमित्रा पलले हालै मन्दिरको भ्रमण गरी त्यहाँका अधिकारीहरू तथा इस्कोनका प्रतिनिधिहरूसँग बैठक गर्नु भएको थियो। यस योजनामा सडक, सार्वजनिक यातायात, सरसफाइ र बत्तीको व्यवस्थामा सुधार गर्ने कार्यहरू समावेश छन्। यसको साथै भक्तजन र पर्यटकहरूका लागि आधुनिक सुविधाहरूको पनि विकास गरिनेछ। यसका अतिरिक्त सरकारले 'स्मार्ट सिटी' परियोजनाअन्तर्गत नवद्वीपको विकास गर्ने योजना पनि बनाएको छ।

**<u>क्रिकेट – भारत र वेस्ट इन्डिज</u>**

भारतले वेस्ट इन्डिजविरुद्धको तीन म्याचको एकदिवसीय क्रिकेट शृङ्खला २-१ ले जितेको छ। पहिलो दुई म्याच जितेपछि भारतले मुलानपुरस्थित नयाँ चण्डीगढ स्टेडियममा खेलिएको अन्तिम म्याचमा ५ विकेटको हार बेहोर्‍यो। पहिले ब्याटिङ गर्दै भारतले ५० ओभरमा ७ विकेट गुमाएर ३५१ रन बनायो जसमा रोहित शर्माले ९२ रन बनाए भने केएल राहुल १२९ रनमा अविजित रहे। जवाफमा, वेस्ट इन्डिजले ४८.२ ओभरमा ५ विकेट गुमाएर लक्ष्य पूरा गर्दै जित हासिल गर्‍यो। आफ्नो टोलीका लागि १६२ रनको उत्कृष्ट इनिङ खेलेका वेस्ट इन्डिजका कप्तान शाई होप 'म्यान अफ द म्याच' घोषित भए।

**<u>एसियाली खेलकुद – समापन समारोह</u>**

२०२६ को एसियाली खेलकुद आज सम्पन्न हुँदैछ। समापन समारोह जापानको नागोयास्थित मिजुहो पार्क एथलेटिक स्टेडियममा भारतीय समय अनुसार साँझ ६ बजे सुरु हुनेछ। यसपटक भारतले उत्कृष्ट प्रदर्शन गर्दै २१ स्वर्ण, २७ रजत र ३७ कांस्यसहित जम्मा ८५ पदक जित्न सफल भयो। पदक तालिकामा भारत चौथो स्थानमा रह्यो। समापन समारोहमा सुटर नीरु ढन्डाले भारतको महिला झन्डाबाहकको भूमिका निर्वाह गर्दै तिरंगा बोकेर भारतीय टोलीको नेतृत्व गर्नेछन्। समारोहमा खेलाडीहरूको परेड र खेलकुदको औपचारिक समापनलगायत विभिन्न परम्परागत कार्यक्रमहरू समावेश हुनेछन्।

**<u>अरुणाचल प्रदेश – कफी</u>**

अरुणाचल प्रदेशका मुख्यमन्त्री पेमा खाण्डुले राज्यमा कफी खेतीको विस्तार गर्न, कफीको उत्पादन र गुणस्तर बढाउन तथा सुदृढ मूल्य शृङ्खलामार्फत किसानको आय आर्जनमा वृद्धि गर्न एकीकृत प्रयासको आह्वान गर्नुभएको छ। 'कफी बोर्ड अफ इन्डिया' र राज्यको कृषि विभागद्वारा आयोजित 'हिल्स टु कप' कफी कार्यशालालाई सम्बोधन गर्नु हुँदै मुख्यमन्त्रीले अरुणाचल प्रदेशमा झन्डै पाँच दशकदेखि कफी खेती हुँदै आए पनि यसको पूर्ण सम्भावनाको अझै सदुपयोग हुन नसकेको बताउनुभयो। उहाँले हाल राज्यमा लगभग छ सय हेक्टर क्षेत्रफलमा कफी खेती भइरहेको जानकारी दिनुभयो।

श्री खाण्डुले कार्यशालामा दिइएका सुझावहरूलाई सरकारले कार्यान्वयन गर्ने र कफी उत्पादकहरूलाई सम्भव भएसम्मको सम्पूर्ण सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्नुभयो। यसको साथै उहाँले राज्यको बढ्दो पर्यटन क्षेत्रले यी क्षेत्रहरूमा रोजगारी र उद्यमशीलताका लागि महत्त्वपूर्ण अवसरहरू प्रदान गर्ने उल्लेख गर्दै युवाहरूलाई कफी खेती, प्रशोधन र सम्बन्धित व्यवसायमा संलग्न हुन अघि आउन आग्रह गर्नुभयो।

**इरान-अमेरिका तनाव**

इरानका राष्ट्रपति मसुद पेजेस्कियनले अमेरिकाबाट बढ्दो आर्थिक दबाब र प्रतिबन्धहरूको बीचमा इरानले नयाँ रणनीति अपनाएको बताउनु भएको छ।